# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, असार १४ गते २०४० साल ( अतिरिक्ताङ्क १० (ख)


# शाही सन्देश

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ कान्छा जिज्यू-मुमा बडामहारानी ईश्वरी राज्य लक्ष्मीदेवी शाहको स्वर्गारोहणमा राष्ट्रका नाममा २०४० साल असार १४ गते बक्सेको शोक सन्देश ।

प्यारा देशवासीहरू,

जन्म र मरणको चक्रमा श्री परमेश्वरको सृष्टि गतिमान रहेको छ । श्रद्धेया हाम्रा जिज्यूमुमा श्री ५ कान्छा बडामहारानी ईश्वरी राज्य लक्ष्मीदेवी शाह केही समयदेखि अस्वस्थ रहिबक्सी हिजो साँझ हामीलाई सधैंका निम्ति छोडी स्वर्गारोहण होइबक्स्यो ।

हाम्रा प्रातः स्मरणीय जिज्यूबुबाज्यू श्री ५ त्रिभुवनका साथ २००७ सालमा नेपालमा प्रजातन्त्र ल्याउने काममा मौसूफको देन रहेको कुरा नेपाली जनमानसमा अमिट रही आएकोले पनि मौसूफको स्वर्गारोहणले हामी सबैलाई गहिरो चोट पुऱ्याएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

स्वर्गीय श्री ५ कान्छा जिज्यूमुमाज्यूको दिवंगत आत्मालाई चीर शान्ति मिलोस् भनी श्री परमेश्वरसँग प्रार्थना गर्दै मौसूफबाट विभिन्न क्षेत्रमा गरिबक्सेको सेवाहरूको लागि हामी सबै मौसूफप्रति श्रद्धाञ्जलि अर्पण गर्दछौं।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार

९६.४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।